Pranayan, Vol. 26, No. 8, 2025
ISSN (Print) : 2505-0818
Submitted Date : April 15, 2025
Accpted Date : June 05, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# याक्थुङ मुन्धुमको दार्शनिक पक्ष र यसकाप्रमुख दर्शनदाताहरू

**भूपालकुमार सेन्दाङ***

**लेखसार**

कुनै पनि विषय-वस्तुको गहिरो अध्ययन, चिन्तन-मनन तथा अनुभूतिको आधारमा त्यसप्रति तय गरिएको दृष्टिकोण नै दर्शन हो । मुन्धुम याक्थुङ/लिम्बूजातिको धार्मिक, सामाजिक र सांस्कृतिक जीवनको मार्गदर्शन हो ।मुन्धुमभित्र ब्रह्माण्ड र सारा चराचर जगतको उत्पत्तिकोमिथक, याक्थुङ/लिम्बू जातिले सम्पन्न गर्नु पर्ने विभिन्न धार्मिक अनुष्ठान तथा कर्मकाण्डका विषयहरू र लिम्बू जातिको इतिहास तथा नैतिक आचरणसम्बन्धी नीतिनियमहरूसङ्ग्रहित छन ।प्राचीन समयदेखि मौखिक श्रुति परम्पराबाट पुस्तान्तरण हुँदै आएको मुन्धुम याक्थुङ/लिम्बू जातिको आदिम पूर्खाहरूले जीवन जिउन अनेकौं प्राकृतिक अनुकुलता र विपत्तिहरूसँग सामना गर्दै अगाडि बढ्ने क्रममा समयको लामोअन्तरामा प्राप्त गरेका अनुभव र ज्ञानहरूको सङ्ग्रह हो । मुन्धुममा रहेको यस्तो महत्त्वपूर्ण ज्ञान र दर्शनको आधुनिकीकरण, विश्व्यपीकरण तथा सांस्कृतिक विभेदीकरणले लोपहुने अवस्थामापुग्नलाग्दा पनि यस विषयमा गहिरो अनुसन्धान हुन सकेको छैन । यसै सन्दर्भमा याक्थुङ मुन्धुममा रहेको मुख्य मुख्य दार्शनिकपक्षहरू के के हुन्? मुन्धुमको निर्माणमा को को दार्शनिक एवं चिन्तकहरूको के कस्तो योगदान रहेको छ ? भन्ने मूल अनुसन्धान प्रस्नको सेरोफेरोमा केन्द्रित रहेर उक्त प्रश्नको जवाफ प्राप्तगर्ने उधेश्यले यो अनुसन्धानात्मक आलेखतयार गरिएको छ । प्रस्तुत अध्यायनलाईविशेष गरी मुन्धुममा रहेको दर्शन र यसका दर्शनदाता दार्शनिकहरूको योगदानको खोजीनीति तथा विश्लेषणमा सीमित गरिएको छ । यो एक गुणात्मक *(Qualitative)* प्रकृतिको अनुसन्धानात्मक आलेख हो । यसमा आवश्यक प्राथमिक तहका तत्थ्याङ्कहरू मुन्धुम अभ्यासकर्ता तथा अध्येतासँगको अन्तर्वार्ताको माध्यमबाट सङ्कलन गरिएका छन् भने द्वित्तीयक तहका तत्थ्याङ्कहरू विभिन्न लिखित पुस्तक तथा लेखहरूबाट प्राप्त गरिएका छन् । यसरी सङ्कलित तत्थ्याङ्कहरूको विषय-वस्तु विश्लेषण (*Content Analysis*) विधिको प्रयोग गरी विश्लेषण गर्दा विश्व ब्रह्माण्ड तथा चराचर जगतको सृष्टिसम्बन्धी याक्थुङ मुन्धुमको दार्शनिक दृष्टिकोण मूलत अध्यात्मवादी

* शोधार्थी, विद्यावारिधि तह, नेपाली इतिहास, संस्कृति र पुरातत्त्व, केन्द्रीय विभाग, त्रि.वि.वि.कीर्तिपुर

रहेको देखिन्छ । मुन्धुमको अन्य प्रमुख दार्शनिक पक्षहरूमा प्रकृतिवाद, पितृवाद, बहुईश्वरवाद, आत्मवाद र तन्त्रमन्त्रवाद रहेका छन् । साथैसमयको विभिन्न कालखण्डमा देखापरेका येहाङ, सोधुङ्गेन लेप्मुहाङ, कान्देनहाङ, माबोहाङ, शिरीजङ्गाहाङ तथा फाल्गुनन्द जस्ता दार्शनिक एवं धर्मगुरूहरूले मुन्धुमको निर्माणमा योगदान गरेको र यसमा समसामयिक संशोधन तथा सुधार गरी यसलाई परिष्कृत बनाएको तत्थ्य पनि यस अनुसन्धानबाट उजागर हुनआएको छ ।

***शब्द कुञ्जी :*** मुन्धुम, याक्थुङ, दार्शनिक, लिम्बूजाति, सांस्कृतिक

## विषय परिचय

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरू मध्ये लिम्बू जाति पनि एक हो । लिम्बू जातिको स्व-पहिचान नाम "याक्थुङ वा याक्थुङ्बा" हो । आजभोलि लिम्बू र याक्थुङ शब्द पर्यायवाची रूपमा प्रयोग हुन्छ । याक्थुङ शब्दको अर्थबारे विभिन्न मतहरू रहेका छन । याक्थुङ्बा शब्द 'यकतुम्बा' बाट बनेको हो जहाँ 'यक' को अर्थ पहाड, 'थुम' को अर्थ जग्गा र 'बा' भन्नाले बासिन्दा भएकोले याक्थुम्बा शब्दको अर्थ पहाडी जग्गाको वासिन्दा हो (चेम्जोङ, २०५९, पृ. १८) । नारायणप्रसाद सङ्ग्रौलाका अनुसार 'यक' को अर्थ गढ र 'तुम्ब' को अर्थ जेठो भएकोले यकतुम्बा भनेको 'जेठो गढवासी' हो (सङ्ग्रौला, २०७७, पृ. १७) । आइत खजुमका अनुशार याक्केकफुङजङकेयुङ्बा शब्दको अपभ्रंश भई याक्थुङ्बा शब्द निर्माण भएको हो, जसको अर्थ भीरपहराको बासिन्दा भन्ने हुन्छ (खजुम, २०६३, पृ. ३) । नन्द कन्दङ्वाका अनुसार गढ वा किल्लालाई लिम्बूभाषामा 'यक्' भनिन्छ । याक्थुङ्बाहरू प्राचीन समयदेखि गढ वा यक्मा बस्ने भएकाले यक्युङ/यक्हाङबाट अपभंम्श भई याक्थुङ भएको हो (कन्दङवा, २०८१, पृ. ११) । उल्लेखित परिभाषाहरूको अध्ययनबाट साररूपमा भन्नुपर्दा याक्थुङबा भन्नाले पहाडी जग्गा-जमिनमा किल्ला बनाई बसोबास गर्ने मानिस भन्ने बुझिन्छ । सोधुङ-सेन्दाङ लिम्बूहरू वृहत याक्थुङ/लिम्बू समुदायको सदस्यहरू हुन ।

नेपालको पूर्वी भागका ताप्लेजुङ, सङ्खुवासभा, पाँचथर, तेह्रथुम, धनकुटा, इलाम, झापा, सुनसरी तथा मोरङ जिल्लाहरूमा विशेष गरेर लिम्बू समुदायको प्राचीन कालदेखि नै सघन बसोबास रहेको देखिन्छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा लिम्बू जातिको जनसङ्ख्या ४१४७०४रहेको छ । यो नेपालको कुल जनसंख्या २९१६४५७८ को १.४२ प्रतिशत हो । यसको अतिरिक्त भारत, बेलायत, हङकङ, बर्मा, थाइल्याण्ड र भूटान जस्ता देशहरूमा पनि लिम्बू जातिको उल्लेख्य बसोबास रहेको पाइन्छ ।

विभिन्न विचारकहरूले मुन्धुमलाई विभिन्न ढङ्गले परिभाषित गरेका छन । मुन्धुम शब्द याक्थुङ (लिम्बू) भाषाको 'मुन' र 'थुम' दुई शब्द मिलेर बनेको छ । मुन्धुम शब्दको शाब्दिक अर्थ 'मुन' भन्नाले हल्लिनु, चलयमान हुनु वा गतिशिल हुनु र 'थुम' को अर्थ शक्ति वा बल भन्ने हुन्छ (लिम्बू, २०५१, पृ. १) । वृहत नेपाली शब्दकोषमा मुन्धुम शब्दको अर्थ 'लिम्बू जातिको धर्मशाष्त्र' भनिएको छ (पराजुली, २०७७, पृ. १०४७) । बैरागी काइँलाका अनुसार "लिम्बू जातिका सामाजिक, साँस्कृतिक, नैतिक र धार्मिक धारणा, आस्था र आचरणको चरम परिणति नै अनेक मिथक, गाथा र, लोककथाहरूमा अभिव्यक्त भई श्रुतिपरम्पराको रूपमा युगौयुगदेखि जीवित छ र तिनैको समष्टिलाई मुन्धुम भनिन्छ " (काइँला, २०५१, पृ. भूमिका क) । याक्थुङ लिम्बूहरूले जन्मदेखि मृत्यूपर्यन्त गर्नुपर्ने संस्कारहरू नै मुन्धुम हो (माबोहाङ, २०६९, पृ. ३७) ।मुन्धुम बिर्सन (मुःन्) गाह्रो (थुम्) हुने अविस्मरणीय घट्नाहरूको सङ्गालो हो (आङबुङ, २०७९, पृ. भूमिका थ) ।

उल्लेखित परिभाषाबाट मुन्धुम याक्थुङ/लिम्बू जातिको धर्मशास्त्र, इतिहास र दर्शनशास्त्र हो भन्न सकिन्छ । यो याक्थुङ/लिम्बूजातिका पूर्खाहरूले जीवन जिउने क्रममा समयको विभिन्न कालखण्डमा अनेकौ प्राकृतिक अनुकूलता र विपत्तिहरूसँग सामना गर्दैअघि बढ्ने क्रममा घटेका समग्र घटनाहरूवाट वटुलिएका अनुभव र सिकिएका शिक्षाहरूको सङ्ग्रह हो । मुन्धुममा अन्तर्निहित यस्ता सामाजिक, सांस्कृतिक, नैतिक तथा धार्मिक क्षेत्रका सामुहिक अनुभव र शिक्षालाई आदिकालदेखि नै कथा, गाथा, आख्यान, गीत, मिथक, लोककाव्य, उखानटुक्काका माध्यमले मुखमुखै भनिदै श्रुतिशास्त्रका रूपमा मुन्धुम हालसम्म जीवित छ । यसैले मुन्धुम मुख्यत याक्थुङ/लिम्बूजातिको सामाजिक एवं सांस्कृतिक जीवनको मार्गदर्शन हो ।

दर्शन भनेको जीवन र जगतलाई हेर्ने, बुझ्ने र व्याख्या गर्नेआन्तरिक दृष्टिकोण हो (राई, २०७४, पृ. ४) । यसमा कुनैपनि विषय-वस्तुको गहिरो अध्ययन, चिन्तन-मनन तथा अनुभूतिको आधारमा त्यस विषय-वस्तुप्रति निश्चितअवधारणा र दृष्टिकोणहरू तय गरिन्छ ।दर्शनको मूख्य कार्य प्रकृति, विश्व ब्रह्माण्ड, चराचर जगत, ईश्वर, धर्म, ज्ञान-विज्ञान आदि जस्ता सम्पूर्ण सांसारिक विषय वस्तुहरूको सम्बन्धमा के भएको हो?किन भएको हो ? र कसरी भएको हो ?भन्ने प्रस्नहरूको उत्तर दिनु हो । विश्वमा हालसम्म भौतिकवादी र आध्यात्मवादी दुई किसिमका दर्शनहरू देखापरेका छन् । अध्यात्मवादी दर्शनले चेतनालाई प्रमुख कुरा मानी यसले पदार्थको रचना गर्दछ भन्ने मान्यता राख्दछ भने यसको विपरीत भौतिकवादी दर्शनले पदार्थलाई प्रमुख कुरा मानी यसले नै चेतनाको निर्माण गर्दछ भन्ने मान्यता राख्दछ ।

मुन्धुमको उत्पत्ति र रचना कहिलेभयो भनेर हालसम्म यकिन समय निर्धारण गर्न सकिएको छैन । यो कुनै एक युगमा कुनै एक धर्मगुरू वा महात्माले सिर्जना गरेको शाष्त्र होइन । यो लिम्बू जातिको पुर्खाहरूको लामो समयको भोगाई र अनुभवको सङ्गालो हो । मुन्धुममा रहेका विभिन्न आख्यान, मिथक, किम्बदन्ती तथा कथा-गाथाहरूको विश्लेषण गर्दा यसमा मानव सभ्यताको सुरूवाती चरण जङ्गली ढुङ्गेयुगदेखि पशुपालन र खेतीपातिको युगसम्मकोमानव जीवन कहानी र भोगाइहरूको वर्णन पाइने हुनाले मुन्धुमी ज्ञानको निर्माण प्रागऐतिहासिक कालदेखि नै सुरूआत भई त्यसपछिका विभिन्न कालखण्डमा विकासहुदै आएको अनुमान लगाउन सकिन्छ ।

आदिकालदेखि मौलिक श्रुतिपरम्पराबाट एक पुस्तादेखि अर्को पुस्तामा पुस्तान्तरण हुँदै आएको मुन्धुमलाई सङ्कलन, सम्पादन र प्रकाशन गर्ने कार्य बि.एच. हज्सन, फाल्गुनन्द लिङ्देन, इमानसिंह चेम्जोङ, बैरागी काइँला, रनध्वोज श्रेङ चोङबाङ, अर्जुनबाबु माबोहाङ, डि.बि.आङबुङजस्ता विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूले गर्दे आएको पाइन्छ । तर हालसम्म मुन्धुमी दर्शन र यसका दर्शनदाताहरूको उचित खोज-अनुसन्धानहुन सकेको छैन । मौखिक शास्त्रको रूपमारहेको मुन्धुमी ज्ञान अहिले आधुनिकीकरण, विश्व्यपीकरण तथा सांस्कृतिक विभेदीकरणको चपेटामा परी लोप हुने खतरामा छ । यस्तो अवस्थामा याक्थुङमुन्धुममा रहेको ज्ञान र दर्शनको गहिरो ढङ्गले खोजीनीति र लेखाजोखा गरी त्यसलाई प्रकाशमा ल्याउनुजरूरी भई सकेको छ । अतःउल्लेखित शोध समस्यालाई मध्यनजर गरी याक्थुङ मुन्धुमको मुख्य-मुख्य दार्शनिक अवधारणहरू के के हुन् ? र मुन्धुमको निर्माणमा को को चिन्तकहरूले के कस्तो भूमिका खेलेका छन? भन्ने प्रमुख अनुसन्धान प्रश्नहरूको जवाफ प्राप्त गर्ने उद्देश्यले प्रस्तुत आलेख तयार गरिएको छ ।

## अध्ययनविधि

"याक्थुङ मुन्धुमको दार्शनिक पक्ष र यसका प्रमुख दर्शनदाताहरू" विषयक प्रस्तुत अध्ययन एक गुणात्मक प्रकृतिको अध्ययन हो । यो आलेख अन्वेषणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको छ । यस अनुसन्धानमा प्राप्त तत्थ्यहरूलाई विश्लेषण गर्दै व्याख्यात्मक ढाँचामा प्रस्तुत आलेख तयार गरिएको छ । यसमा मूलतः द्वित्तीयक स्रोतहरूबाट तत्थ्यहरू सङ्कलन गरिएका छन । यस्ता स्रोतहरूमा मुन्धुमसम्वन्धी प्रकाशित लेख, रचना र पुस्तकहरूहुन । यसको अतिरिक्त मुन्धुम गायनको मौखिक परम्परा समेत रहेकोले प्रस्तुत अध्यायनमा आवश्यक कतिपय प्रारम्भिक तत्थ्याङ्कहरू मुन्धुमविद्सँगको अन्तर्वार्ताबाट सङ्कलन गरिएको छ ।

उपर्युक्त अनुसार सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गुणात्मक तथ्याङ्क विश्लेषण विधिको प्रयोग गरी गरिएको छ । गुणात्मक तथ्याङ्क विश्लेषण विधि अन्तर्गतपनि लिखित, मौखिक रश्रव्य तथा दृश्य सामाग्रीहरू विश्लेषणमा प्रयोग हुने विषय-वस्तु विश्लेषण (Content Analysis) विधिको प्रयोग गरी सङ्कलित तत्थ्याङ्कहरूको व्याख्या-विश्लेषण गरिएको छ । यसरी विश्लेषण पश्चात प्राप्त तत्थ्यहरूलाई विषयगत रूपमा विभिन्न शीर्षकहरूमा विभाजन गरी व्याख्यात्मक ढङ्गले प्रस्तुत गर्दै अध्ययनको निष्कर्षमा पुग्नेकार्य गरिएको छ ।

## प्राप्ति र छलफल

### ब्रह्माण्डको उत्पत्ति सम्वन्धी मुन्धुमी दर्शन

मुन्धुममा व्रह्माण्ड र चराचर जगतको सृष्टि हुनुपूर्व ज्यादै शुन्यता र अँध्यारो थियो र आकाश, पृथ्वी, वायु, प्रकाश, पानी, जीवजन्तु र वनस्पति जस्ता कुनै पनि वस्तुहरू थिएनन भन्ने कुरा उल्लेख छ । त्यसैले मुन्धुम अनुसार व्रहमाण्डको उत्पत्ति शुन्यताबाट सुरू भएको देखिन्छ । मुन्धुमको निम्न हरफहरू अध्ययन गरौ :

उन्छोन इक्सा होप्तेमु
खाम्वेक होप्तेमु ।।
तरङ होप्तेमु
ताङसाङ होप्तेमु ।।
तरङ सम्दो मु
ताङसाङ सम्दो मु ।।
मुदाम्लिङ पच्छे मु
ताक्फा पच्छे मु ।।
मुफिक पच्छे मु
खेफिक पच्छे मु ।।
मुदाङ्लिङ पच्छे मु
खेदाङलिङ पच्छे मु ।।
मुदाक्ताक् पच्छे मु
खेदाक्ताक पच्छे मु ।।
इक्सा होप्मेयो

खाम्वेक होप्मेयो ।।
मुहङलिङ नेस्से मु
खेहङलिङ नेस्से मु ।।
सेनखादाम् पच्छे थो
लेन्खादाम पच्छे थो ।। (मेन्याङ्वो, २०६२, पृ. ६-७) ।

*भावानुवादः* अघि आदिम कालमा पृथ्वी, आकाश, प्रकाश, जल, जमिन केहि पनी थिएनन् । तलमाथिसबैतिर भ्वाङैभ्वाङ थियो । चारैतिर सुनसान र अन्धकारमात्र थियो ।

त्यसपछि शुन्यताको बिच एक्कासी हावाको भुँमरी पैदा भएको, सो भुँमरी आठ फन्का घुम्दै उठ्दा मसिना बालुवा (परमाणु) का कणहरू पैदा भएको र यिनै परमाणुको घर्षणबाट पवित्र मुना मैदानमा सृष्टिका आमावावुको जन्म भएको मुन्धुममा उल्लेख छ । यसरी मुन्धुममा पदार्थ (हावा तथा वालुवाको कण) वाट सृष्टिको वावु आमारूपी चेतनाको जन्म भएको सङ्केत मिल्छ । मुन्धुमका निम्न हरफहरू हेरौ :

मुहङ्लिङ खेहङलिङ योनु साम्फिप्रिमा
साम्मागेन लच्छाङ पिच्छाङ
येक्कप हिसाआङ येवे
सावागेन येक्कप हिसाल्ले
सिसिरी सियेङघा लुङलत्तुरो
ना सोघुगेन् मुना तेम्वेओ
पालुङगेन मालुङ थाप्तु (चेम्जोङ, २०५९, पृ. १) ।

*भावानुवाद :* तलमाथि चारैतिर शुन्यताको बिच हावाको भुमरी पैदा भयो र आठफन्का घुमेर उठ्दा वालुवाका कणहरू निस्किए र पवित्र मुना मैदानमा सृष्टिका बावुआमा पैदा भए ।

त्यसपछि सृष्टिकर्ता स्वंम्भु देवको उत्पत्ति भयो ।उक्त देवलाई तागेरा निवाफुमाङ (जताबाट पनि आई पुग्ने उज्यालो आत्मदेव ) भनिन्छ । उनले सृष्टिको रचना गर्न पोरोक्मी यम्फामीदेव लगायत अरू दश र चार देवगणहरूको सृष्टि गरे । यँहा आँधीबेहरीबाट ठुलो आगोको ज्वाला पैदा भयो भनिएको छ जसले केहीकुरा विष्फोट भएको सङ्केत मिल्छ ।तागेरा निवाफुमाङ (जहाँबाट पनि आइपुग्ने उज्यालो आत्मदेव) भन्नाले कुनै उज्यालो सर्वत्र प्रकाश छर्ने पिण्ड हो कि भन्ने पनि आभास पाइन्छ । यस्तै पोरोक्मी यम्फामीमाङ (ठुलो तुर्लुङ्ग झुण्डिएको प्रकाशदेव)भन्नालेसूर्यजस्तो कुनै चम्किने ठुलो आकाशीय पिण्ड हो कि भन्ने आभास पाइन्छ । मुन्धुमका निम्न हरफहरू अध्ययन गरौ :

खेन सप्फा मियराक्मा फाङनारा
सोक्पाङ तेम्वे लाराङगेन पान्छोत्तिया
उत्पान तेम्बे योनु केजङ सुरित सेरा
खिजोरा मेन्जारा माङ्ले
आवुगेन कुसिक योनु
आजुनी आलेख्खा माङ पोक्खारो

मुजोक्लुङ मुवोक्वामाल्ले
मामेन्ने मामाङ्गे सा
पामेन्ने थक्थाम्वु सा
नावागेन चइत नेस्सु
पोरोक्मि यम्फामी लन्दा
पोरोक्मि यम्फामीमाङकुभोसाङ
थिवोङ लिसी माङ हा
नावागेन चइत नेस्सु (चेम्जोङ, २०५९, पृ. २-३) ।

*भावानुवादः* आँधिवेहरीवाट आगोको ठुलो मुस्लो निस्कियो र त्यसवाट सर्वशक्तिमान सृष्टिकर्ता ईश्वर पैदा भए । यीनै सृष्टिदेवले सृष्टिको रचना गर्न पोरोक्मी योक्फामी देवलगायत अरू चौध देवगणहरूको सृष्टि गरे ।

देवहरूको सृष्टि भएपछि तागेरा निङवाफुमाङ (जतावाट पनि आईपुग्ने उज्यालो आत्मदेव ) ले पोरोक्मी योम्फामीदेव र अन्य देवगणहरूलाई पृथ्वी, जल, तारा र ग्रहहरू, जीव, वनस्पति र धातु जस्ता वस्तुहरूको सृष्टि गर्न लगाएको कुरा आउँछ । यसवाट पोराक्मी यम्फामीमाङ (ठुलो तुर्लुङ्ग भुण्डिएको प्रकाशदेव ) वाटै टुक्रिएर अन्य तारा तथा ग्रहहरू वनेको हो कि ?भन्ने भान हुन्छ । पोरोक्मी यम्फामीदेवले पृथ्वीको सृष्टि गर्नुपूर्व समुन्द्रको सृष्टि गरेको मुन्धुमका हरफहरू हेरौ :

पोरोक्मी यम्फामी माङहारे
यो मुहङलुङ तेनओ सिरिरि सिवारक
थेत्थेरे थेवारक नेस्से छु
तुम्वुङदिङ वरक लक मेनेस्से (चेम्जोङ, २०५९, पृ. ३) ।

*भावानुवाद :* पोरोक्मी यम्फामीदेवले गहिरो ठाउँमा पानी भरी प्रथम र त्यसपछी दोश्रो समुन्द्रको रचना गरे । आरम्भमा केवल जल मात्र थियो ।

त्यसपछि पोरोक्मी यम्फामीदेवले प्रथम जीव माछाको सृष्टि गरेको देखिन्छ । यसवाट विज्ञानले भने भैं प्रथम पटक जीवको उत्पत्ति पानीमा भएको कुरा मुन्धुमले पनि सङ्केत गर्दछ । मुन्धुमका निम्न हरफहरू श्लोकहरू हेरौ :

सिरिरी सिवारक थेत्थेरे थोवारक कुबुङओ
मुसेना सेखाङानामा नेस्सेछु
हेन्नाङ थाङ मुजिङना खियङना येप्सेच्छि
तुम्वुङवारक कुमा युङमा मुकपिरूआङ युक्खुसी (चेम्जोङ, २०५९, पृ. २-३) ।

भावानुवाद : प्रथम तथा द्वित्तीय समुन्द्रको गर्भमा मुसेना सेखाना नामको ठुलो माछाको सृष्टि गरे । त्यसभन्दा माथि मुजिङ्ना खेयङ्ना नामको अर्को ठुलो माछा बनाई राखे र उसलाई समुन्द्र बोकेर थाम्ने शक्ति दिए ।

अब पोरोक्मी यम्फामीदेवले सूर्य, चन्द्र र ग्रहहरूको सृष्टि गरेको मुन्धुमी आख्यानहरू हेरौ :

पोरोक्मी यम्फामी माङ्ले मुगुपलुङ थेगेपलुङ चङ्घो

मुरोतलुङ खेरोतलुङ येप्सेच्छु
इक्सदिन खाम्वेक्मा थेका कुबे युक्खेच्छु
नाम् मान्धानी कुबे युक्खेच्छु
ला मान्धानी कुबे युक्खेच्छु
इक्सा थेक्मा कुबे थाङ्ङिल्ले
खाम्बेक थेक्मा कुबे थाङ्ङिल्ले
खेयोसे इक्सा हिमे खाम्वेक हिमे कुवे थाङिल्ले
ला मान्धानी कुबे पुरे, नाम मन्धानी पुरेआङ
केपेरेवानिन थो चुच्चिनाम् थेनाम्ला पोखेच्छि
ओभ्राहा मेबोख्खा
इक्साहिम गेन् मुरोपलुङ चङ्घो
सम्मागेन हिस्साआङ नेसेच्छु (चेम्जोङ, २०५९, पृ. ४) ।

*भावानुवादः* पोरोक्मी यम्फामीदेवले मुगुप्लुङ थेगुप्लुङ ढुङ्गाहरूमाथि मुगुप्लुङ थेगुप्लुङढुङ्गाहरू राख्ने र वारीको माटोबाट वन्ने पृथ्वीलाई ठेकी वनाए । त्यसमा घाम र जूनको मदानी राखी समुन्द्र मन्थन गर्दा पृथ्वी फनफनी घुम्न थाल्यो । मन्थनको क्रममा मदानीको नेति चुडिदा घाम जून उछिट्टिएर माथिजाँदा घाम, जुन र धेरै ग्रहहरू बने । पृथ्वी आफ्नो शक्तिमा मुरोप्लुङ खेरोप्लुङ ढुङ्गाहरूका आधारमा हावामा घुमी रहयो ।

त्यसपछि मुन्धुम अनुसार फक्ताङ देवले दानव, सुसुम्वु देवले जलदेवता, बेसम्वु देवले चारसय आठहजार तारा र बिजुली, पेबेसो माङले घाम, जुन र भुईका देवगण, कुम्फादेवले पृथ्वीमा नौ ठूला ठूला देश, सात ठूला ठूला टापु, आठ अग्ला अग्ला पहाड, सात ठूला ठूला समुन्द्र निर्माण गरी पृथ्वीमा झारजङ्गल, मेन्धादेवले हावा, वादल र पानी (वर्षा), पेलिदेवले धातुहरू, चम्बा देबले पशुपंक्षी, माछा र किटपतङ्ग, पाआत्ति देवले यमराजको सृष्टि गर्न लगाई तागेरा निङ्वाफू माङ (जताबाट पनि आइपुग्ने उज्यालो आत्मदेव ) ले सृष्टिको रचना गर्नु भएको वर्णन छ (चेम्जोङ, २०५९, पृ. ५-६) ।

मुन्धुममा पृथ्वीमाथि आठ लोक भएको वर्णन छ । पृथ्वीको ठिकमाथि सामयुक्नादेन (आत्मलोक), त्यसभन्दा माथि ताङसाङदेन (आकाश लोक), त्यसभन्दा माथि मुथाङखारादेन (हंसलोक), त्यसभन्दा माथि सुनाइङदङदेन (सत्यलोक), त्यसभन्दा माथि साङसाङदेन (पवित्रलोक) र सबैभन्दा माथि साङ्ग्राम पेदाङदेन (बैकुण्ठ लोक) रहेको हुन्छ भनिएको छ (चेम्जोङ, २०५९, पृ. ८-९) ।

यस्तै पृथ्वीमुनि सात लोक रहेको मुन्धुममा वर्णन गरिएको छ । सबभन्दा पहिला मुरोत्लुङ खेरोत्लुङदेन (मुरोत्लुङ खेरोत्लुङ ढुङ्गाहरू भएको लोक), सोभन्दा तल मुगुप्लुङ थेगुपलुङतेन (मुगुप्लुङ थेगुपलुङ ढुङ्गाहरू भएको लोक), सोभन्दा तल मुरूपली खेरूपालीदेन (मुरूपली खेरूपाली थलथले जमिन भएको लोक), सोभन्दा मुनि मुजिङना खेयङ्नाय युक्मादेन (मुजिङना खेयङ्ना माछा वस्ने लोक), सो भन्दामुनि सुम्वादो लेक्वादोमा तुम्वुनवरकदेन (आदिमकालमा बनेको हिलोपानी भएको त्रिवेणी लोक) र सबभन्दा पिँधमा खेमादिङ यङसङदेन (यमराज वस्ने नरककुण्ड लोक) छ भनी भनिएको छ (चेम्जोङ, २०५९, पृ. ९) ।

उल्लेखित भनाईहरूबाट मुन्धुममा एकातिर तागेरा निङवाफुमाङलेपोरोक्मी यम्फामीदेवको सृष्टि गरेर विश्व ब्रह्माण्डको रचना गरेको आशय देखिन्छ । यसले यो एक अध्यात्मवादी दर्शन हो भन्ने देखिन्छ ।

अर्कोतर्फ गुरूत्वाकर्षण शक्तिको कारणले पृथ्वी र अन्य आकाशीय पिण्डहरू एक अपसमा तानातान गर्दा उछिट्टिएर टुक्राटुक्रा भई सूर्य चन्द्र लगायत अन्य ग्रहहरू बनेका भन्ने बैज्ञानिक तथ्यसँग मिल्दोजुल्दो विचार पनि यहाँ प्रकट भएबाट व्रह्माण्ड र चराचर जगतको सृष्टिकोमुन्धुममा भौतिकबादी दर्शनको अंश पनि सम्मिश्रण भएको देखिन्छ । यसरी उपर्युक्त आख्यानबाट एकातर्फ अलौकिक शक्ति ईश्वर वा देवताले ब्रह्माण्डको रचना गरेको भन्ने अध्यात्मवादी धारणा मुन्धुममा रहेको देखिन्छ भने अर्कोतर्फ यसले पृथ्वी र अन्तरिक्षको उत्पत्ति पदार्थमा रहेको गति र शक्तिको कारण भएको हो वैज्ञानिक व्याख्यासँग मिल्दो जुल्दो परिकल्पना पनि पेश गरेको देखिन्छ ।

## मानवको सृष्टिसम्वन्धी मुन्धुमी दर्शन

तागेरा निङवाफुमाङ (जतावाट पनि आईपुग्ने उज्यालो आत्मदेव ) ले विश्व व्रहमाण्ड र पृथ्वीको सृष्टि त गरे तर यसमा एक विवेकशील प्राणी नभएर पृथ्वी सुनसान र नसुहाउँदो भएको उनलाई आभास भयो । त्यसपछि तागेरा निङवाफूमाङले पोरोक्मी यम्फामीदेवलाई मानिसको सृष्टि गर्ने ज्ञान र बुद्धि दिए । यसरी तागेरा निङवाफुमाङबाट ज्ञान र बुद्धि पाएपछि पोरोक्मी यम्फामीदेवले पृथ्वीमा मानवजातिको सृष्टि गरेकोकुरा मुन्धुममा आउँछ । मानव उत्पत्ति सम्बन्धी मुन्धुमका केही हरफहरू हेरौ :

तागेरा निङवाफुमाल्ले पोरोक्मी यम्फामीबान
मेन्छाम्गेन नामयाप्मी कुवे नावागेन चइत चोक्मा
वयागेन इङदत पिरू
पोरोक्मी यम्फामीबाल्ले साम्याङ्बा चङ्घो
युप्पावा चङ्घो मेन्छामगेन नामयाप्मी कुवे युक्खुआङ
यक्जिरी चुक्वा हुक्ले पक्खु एप्तु
लापोक्खे लाइत्सा साने नामपोक्खे नामइत्ला साने
मेन्छाम्गेन नामयाप्मी हु फाहाङ
पोरोक्मी यम्फामी माङले पान सात्तुरो
कन पेलिगेन पान्जान मेलन्दान
पोरोक्मी यम्फामी माङले निङ्वा मयारो (चेम्जोङ, २०५९, पृ. १२) ।

*भावानुवादः* तागेरा निङवाफुमाङले पोरोक्मी यम्फामीदेवलाई तरूनीबाट जन्म हुने मानिसको नमुना बनाउन आदेश दिए । पोरोक्मी यम्फामीदेवले सुनचाँदीले मोरिएको तरूनीबाट जन्महुने मानिसको नमुना बनाई सेतो सितलदिने चमरले उठाएर हम्काउदै भने 'ए जुनको छोरा तँ जुन भइस्, ए घामको छोरा तँ घाम भईस, तरूनीवाट जन्म हुने मानिस पनि तँ नै भईस, अव उठ्' तर केही वोलीवचन निक्लिएन । पोरोक्मी यम्फामीदेव छक्क परे ।

त्यसपछि पोरोक्मी यम्फामीदेवले तागेरा निङवाफुमाङलाई मानिस बनाउन थप ज्ञान बुद्धि दिन प्रार्थना गरे । तागेरा निङवाफुमाङले उनलाई मानिस बनाउन थप ज्ञान बुद्धि प्रदान गरे । अब पोरोक्मी यम्फामीदेवले मालिङ्गो तथा देवनिगालो वाँसका खरानी, पहेलो माटोको लेउ मिसाई आकाशवाट परेको ढुङ्गाको खोपिल्टामा जम्मा भएको पानी हाली मुछेको हिलोबाट मानिसको मूर्ति वनाई प्राण भरेको र यो मूर्तिलाई बोलाउँदा बोलेको कुरा मुन्धुममा उल्लेख छ । मुन्धुमका निम्न हरफहरू हेरौ :

तागेरा निङवाफू माङले सिक्कुम निङ्वा पिरू
पोरोक्मी यम्फामी माङले सिमिक्ला पक्मिक्ला
खाप्पुनु अमलेङ्गेन खामहिक सुरआङ
लुङ्दुम पक्वारेन पाङ्गेन्दिन वाहित केतुआङ
हेन हेल्लक्वाल्ले मेन्छाम्गेन नामयाप्मि कुबे
इत्ला चोगुआङ याप्मिसाम थासु पिरूरो
हेप्मोनुग पोरोक्मी यम्फामी माङ्ले
मेन्छाम्गेन नामयाप्मी हु फाहाङ
पोल्लिगन पान सात्तेल्लेने
मेन्छाम्गेन नामयाप्मी इत्लाल्ले
थेसुम्बु थे फाआङ हु लरारो (चेम्जोङ, २०५९, पृ. १३) ।

*भावानुवादः* पोरोक्मी यम्फामीदेवलाई तागेरा निङवाफूमाङले थप वुद्धि र ज्ञान दिनुभयो । त्यसपछि पोरोक्मी यम्फामीदेवले मालिङ्गो तथा देव निगालो वाँसको खरानी, पहेलो माटोको लेउ र ढुङ्गाको खोपिल्टोमा रहेको पानीको सम्मिश्रण गरी मुछी तरूनीवाट जन्म हुने घाम जस्तो मानिसको मुर्ति बनाइ मान्छेको सातो हालि दिए र त्यसपछि तरूनीबाट जन्महुने मानिस हु.. भनी वोलाए । यस मूर्तिले पनि के भनेको भनी हु.. भनेर जवाफ दियो ।

माथिको भनाइहरूबाट बहुमूल्य धातुहरूवाट पहिलोपटक मानिस बनाई बोलाउँदा नबोलेको तर माटो, खरानी, जल आदि तत्त्वहरूबाट दोश्रो पटक मानिस बनाउँदा बोलेकोले पृथ्वी, जल, तेज, वायु र आकास जस्ता पञ्चतत्त्ववाट मानिसको शरीर बनेको आभास मिल्दछ । यसरी मेन्छाम्गेन नामयाप्मी (मानव) को सृष्टि त भयो तर यो पुरूष मानव पृथ्वीमा एक्लो भएकाले मेलिङ्गेन कुमेत (स्वास्नी मानिस) को सृष्टि गर्न तागेरा निङ्वाफूमाङले पोरोक्मी यम्फामीदेवलाई आह्वाए । त्यसपछि पोरोक्मी यम्फामीदेवले मेलिङ्गेन कुमेत (स्वास्नी मानिस) लाई सृष्टि गरे । मुन्धुममा यस्तो वर्णन रहेको छ :

पोराक्मी यम्फामी माङले
मेन्छाम्गेन नामयाप्मी इम्मा चोगुआङ
मेलिङ्गेन कुमेत्लेन इत्ला चोगुरो, कुवे चोगुरू
नाप्मिसाम थासु पिरूरो
हेक्केआङ पोराक्मी यक्फामी माङले
मेन्छाम्गेन नामयाप्मी नु
मेलिङ्गेनकुमेत पोक्मा चोगुल्ले
नेप्माङ मेन्छाम्सासी पोगीसेरो
नेप्माङ ओमेत्छिङमा हेक्तेछि
ताजेङ्मा होप्ता रो
पोरोक्मी यक्फामी माङले
लुङ्दुम पक्वारेन पाङ्गेन्दिङ वाहित ओ
खेसुङ केत्तुआङ सिदा चोगुआङ

नेप्माङ मेन्छाम सासिन थुङ्मा चोगुआङ
नेप्माङ मेन्छाम सासिन थुङ्मा चोगु पिरूल्ले
ताजेङमा लन्दा
नेप्माङ मेन्छाम्सासी ताचेङमा हेक्तुच्छु (चेम्जोङ, २०५९, पृ. १४) ।

*भावानुवाद :* पोरोक्मी यक्फामीदेवले तरूनीबाट जन्महुने घामजस्तो मानिसलाई निदाउन लगाए र मानिस जन्माउने स्वास्नी मानिसको मूर्ति बनाएर मान्छेको सातो हालिदिए । त्यसपछि पोरोक्मी योम्फामीदेवले तरूनीवाट जन्महुने घामजस्तो मानिस र स्वास्नी मानिस दुवैलाई जगाउँदा तिनीहरू उठे र एक आपसमा हेराहेर गरी कुरागर्न खोजे तर बोली फुटेन । पोरोक्मी यक्फामीदेवले ढुङ्गाको खोपिल्टामा भएको पानीमा खेसुङ (मर्चा) मिसाई दवाई वनाई पिउन लाए । तब ती दुबै जना कुरा गर्न लागे । उपर्युक्त भनाइबाट खेसुङ (मर्चा) को उत्पति दवाई प्रयोजनको लागिभएको सङ्केत मिल्छ ।

समग्रमा उपर्युक्त सृष्टिसम्बन्धी मुन्धमको दार्शनिक अवधारणाको अध्यायन गर्दा यहाँ भौतिक र आध्यात्मवादी चिन्तनको संमिश्रण पाइन्छ । यसले एकातिर सृष्टिको लागि सर्वोपरी ईश्वर तागेरा निङ्वाफुमाङको भूमिकाको वर्णन गर्दछ जसलाई अध्यात्मवादको प्रतीकको रूपमा लिन सकिन्छ । थाङसाङ लाओतीका अनुसार मुन्धुम धर्मशाष्त्र मात्र नभएर विज्ञानपरक जीवन दर्शन पनि हो (लाओती, २०७७, पृ. १७) । किनभने मुन्धुममा भौतिक पदार्थको गति र शक्तिको परिणामबाट सृष्टिको कुरा अगाडि बढ्दै गएको प्रसङ्गको पनि बयान आउँछ । यसैले मुन्धुमको सृष्टिसम्बन्धी दर्शन पराभौतिकी अर्थात भौतिक र अभौतिक संसारको विवेचनाको सार हो (सुब्बा, २०७८, पृ. १७) ।

## मुन्धुमको प्रकृतिवादी दर्शन

प्रकृतिवाद मानिसका सम्पूर्ण सोच-विचार, आचारण र कार्यहरू प्रकृतिबाट नै निसृत भएका हुन र उसका इच्छा, कामना र प्रवृतिहरू प्रकृतिमै आश्रित हुन्छन भन्ने सिद्धान्त हो । प्रकृतिवादी दर्शनले चराचर जगतको सृष्टि, मनुस्यको धर्म, नीति, संस्कृति, आचारहरूजस्ता कुराको निर्माणको कारण कुनै दैवी वा अलौकिक शक्ति नभएर प्राकृतिक जगतसँगको मानव अन्तर्क्रियाबाट प्राप्त कुरा हुन भन्ने दर्शनको पक्षपोषण गर्दछ । मुन्धुमले प्रकृतिलाई नै शर्वशक्तिमान र आधारभूत तत्त्व मान्दछ । प्रकृतिको पूजा र रक्षा गरेमात्र मानवजाति सुखी तथा समृद्ध हुन्छ भन्ने मान्यता राख्दछ । मुन्धुम प्रकृतिको विभिन्न स्वरूपहरू र शक्तिको वर्णन गरिएको शाष्त्र हो (लेखबहादुर पालुङ्वा, व्यक्तिगत अन्तर्वार्ता, पौष ५, २०७९) । मुन्धुममा यत्रतत्र आकास, पृथ्वी, वायू, समुन्द्र, पहाड, चन्द्र, सूर्य एवं विभिन्न आकाशीय पिण्डहरू तथा विभिन्न प्राकृतिक वस्तुहरूलाई देवताको रूपमा मानी पूजा-आराधना गरिन्छ ।

मुन्धुमको सार प्रकृतिनै मानवका सवैभन्दा ठूलो ईश्वर हो भन्ने रहेको छ । मुन्धुमको प्रकृति पूजक दर्शनका कारण याक्थुङ/लिम्बूजातिमा कुनै अमुक पात्रलाई देवत्वकरण गरी उनीहरूको मूर्तिपूजा गर्ने परम्परा छैन । मुन्धुममा याक्थुङ/लिम्वूहरूले मान्ने-पूज्ने आराध्य देवी युमामाङलाई नावादिङ् चइत ताङ्मा (सृष्टिकी रचनाकर्ता) को रूपमा पूजिन्छ । साथै उनलाई पृथ्वीदेवीको प्रतीकको रूपमा पुज्ने चलन छ । प्रकृति पूजक याक्थुङ/लिम्बूहरूले प्रकृतिलाई सवैभन्दा श्रेष्ठ ईश्वर र प्रकृतिमा रहेका तारा, नक्षत्र, घाम, जुन, हावा, पानी, माटो, ढुङ्गा, खोलानाला, पहाडपर्वत, ओडार, वनजङ्गल, जीवजन्तु सबैलाई प्रकृति देवको अंशमानी पुज्ने गर्दछन् । मुन्धुममा प्रकृति र सारा चराचर जगतको सहअस्तित्ववको कुरा आउँछ ।

यहि सहअस्तित्वको विषयबाटै पर्यावरणीय प्रणालीमा सन्तुलन हुने र वातावरणसँग सहअस्तित्व समाप्त भए स्वत सबैको अस्तित्व समाप्त हुने तर्फ मुन्धुमले सङ्केत गर्दछ ।

याक्थुङ लिम्बूहरूलाई खाम्वोङबासा (माटोबाट जन्मिएको सन्तान) र लुङ्वोङबासा (ढुङ्गाबाट जन्मिएको सन्तान) भनी मुन्धुममा पुकारिन्छ । यसको अर्थ प्रकृति (माटोढुङ्गा) वाट पैदाभएका सन्तान भन्ने हो । हरेक थरका लिम्वूहरूको एक निश्चित माङ्गेनायक हुन्छ । यो उनीहरूको कूल वा पुर्खाहरूको आदिम कालमा वसोवास भएको उद्गम स्थल हो । यस स्थानलाई लिम्वूहरूले पवित्र तीर्थस्थल सरह मानी पूजी ल्याएको हुन्छ । लिम्वूहरूको माङ्गेना पूजा (श्रीवृद्धिको अनुष्ठान )मा यो स्थानको नाम पुकारी पूजा गरिन्छ । यस्तै लिम्बूहरूको चासोक (न्वागी) पूजामा प्रकृतिबाट प्राप्त अन्नलाई पहिला प्रकृतिदेवलाई अर्पण गरी पूजा गर्ने गरिन्छ । पृथ्वीमुनी रहेको अक्वानामा (एक प्रकारको पृथ्वी थाम्ने माछा) लाई घरको मूलखावामुनि रहेको विश्वासमा हरेक लिम्वूहरूले घरको मूलखम्वामा त्यसको पूजा गर्दछन् । कृषिवाली छरपोख गर्नुअघि यक्वा पूजा (भूमि पूजा) गरिन्छ । यस्तै ताम्भूङना (जङ्गलीदेवी), मिसेक (अग्नीदेव), खञ्जमा (खोचकी देवी), चखोबा (पानीको देवी), तक्सङ्वा (लेककी देवी), सिरिङ्मा (पर्वतकी देवी), वरक्मा (पोखरीको देवी), पायोहाङ्मा (नदीको देवी) र सुरितकेजङमाङ (वायूदेव) आदि जस्ता थुप्रै प्रकृतिक बस्तुहरूलाई मुन्धुम अनुसार देवदेवीहरूको रूपमा लिम्वू जातिमा पूजा गर्नेप्रचलन रहेको छ ।

## ईश्वरको अस्तित्वसम्बन्धी दर्शन

याक्थुङ मुन्धुमले बहुईश्वरवादको परिकल्पना गरेको देखिन्छ । ईश्वर वा देवताहरूको पनि तीन स्तर रहेको हुन्छ - माङ (मुख्य देवता), साम्माङ (सहायक देवता) र साम्याङ च्याङ (लाभ र अनिष्टकारी देवता) । मुन्धुममा सर्वशक्तिमान र सर्वव्यपी ईश्वरको रूपमा तागेरा निङ्वाफुमाङको स्थानसबैभन्दा माथि रहेको छ ।तागेरा निङ्वाफुमाङलाई माङको रूपमा लिइन्छ । त्यसपछि अन्य शक्तिशाली देवताहरूमा पोरोक्मी यम्फामीमाङ, युमामाङ तथा थेबामाङहरू रहेका छन । यिनलाई साम्माङको रूपमा चिनिन्छ । उल्लेखित माङ र साम्माङहरूका ताम्भूङना, अक्वानामामाङ, पुङसाम्माङ, मिसेक, तक्सङ्वा, माङ्गेन्ना, खञ्जमा, चखोबा, सिरिङ्मा, वरक्मा, पायोहाङ्वा, तुङतुङ्ग,` चारूङ्मा, तेन्छामा, पिच्चम्मा, सेङघामा आदिजस्ता अनेकौअनुचर साम्माङच्याङ (देवीदेवता) हरू रहेको कुरा याक्थुङ मुन्धुममा उल्लेख भएको पाइन्छ ।

मुन्धुममा स्वर्ग तथा नर्कको पनि परिकल्पना गरिएको छ । मुन्धुम अनुसार धर्मले भलाइ र पापले नाश हुने विश्वास गरिन्छ । मानवले आफ्नो जीवनमा कुनै धार्मिक वा परोपकारी कर्म गरे मृत्यु पश्चात स्वर्ग र पाप वा दुष्ट कर्म गरे नरकमा पुग्दछ भन्ने विश्वास मुन्धुममा रहेको पाइन्छ । यसको लागि मुन्धुमले पृथ्वीमाथि आठलोक हुने र पृथ्वीमुनि सातलोक हुने परिकल्पना गरेको छ । पृथ्वीमाथि रहने सबैभन्दा माथिको लोकलाई साङ्ग्रामपेदाङदेन (स्वर्गलोक वा बैकुण्ठलोक) भनिन्छ, जहाँ ईश्वरको बासहुने कुरा बयान गरिएको छ । त्यस्तै पृथ्वीमुनि रहेको सबैभन्दा तलको लोकलाई खेमादिङ यङसङदेन (नर्कलोक वा नरकुण्डलोक) भनिन्छ जँहा यमराजको बासरहने कुरा उल्लेख छ ।

## मुन्धुमको आत्मवादी दर्शन

आत्मवाद (Animism) पनि मुन्धुमको अर्को दार्शनिक पक्ष हो । आत्मावादले मानिसको भौतिक शरीर मरेपनि आत्मा नमर्ने वा आत्माको अमरत्वको मान्यता राख्दछ । लिम्बू समुदायको परिवारको

कुनै सदस्यको मृत्यु भएमा उसको साम (आत्मा) उसका मृत पूर्खाको आत्मासामु पुऱ्याउनु पर्दछ । यस मुन्धुमलाई सामसामा (आत्मा/सातो पुऱ्याउने) मुन्धुम भनिन्छ । यसबाट मानवको आत्मा उसको मृत्यूपश्चात पनि जिवित रहने तत्थ्य उजागर हुन्छ । मुन्धुम अनुसार आत्मा दुई खालका हुने बताईएको छ । ती आत्माहरूमा देवात्मा (हाङसाम) र प्रेतात्मा (सिसाम) हुन । यी दुई आत्माहरूमध्ये कालगतिले वा सहज मृत्यू भएका मानिसहरूको आत्माहरू देवात्मा वा पवित्रआत्मा हुन भने अकालममा वा असहज मृत्यू भएका मानिसहरूको आत्माहरू प्रेतात्मा वा खराब आत्मा हुन भन्ने मान्यता मुन्धुममा रहेको छ । देवात्माले मानव जातिको संरक्षण तथा भलाई र प्रेतात्माले विनास तथा अहित गर्छ भन्ने विश्वास लिम्बू समुदायमा रहेको पाइन्छ । यो मान्यता बोनधर्मको आत्मवादी अवधारणासँग मेलखाने देखिन्छ ।

## मुन्धुमको तन्त्रमन्त्रवादी/झाँक्रीवादी दर्शन

तन्त्रमन्त्रवाद वा झाँक्रीवाद (Shamanism) परम्परा पनि याक्थुङ मुन्धुमको अर्को दार्शनिक पक्ष हो । मुन्धुममा रहेको तन्त्रमन्त्रवाद वा झाँक्रीवादको जरा बोनधर्म हो । झाक्रीवादमा तन्त्रमन्त्र वा जादु टुनाको शक्तिमा विश्वास गरिन्छ र यसको माध्यमद्वारा अदृश्य शक्ति र दुरात्माहरूमाथि प्रभाव कायम गरिन्छ भन्ने मान्यता रहेको पाइन्छ । लिम्बू समुदायमा यस्तो तन्त्रमन्त्रको शक्तिको अभ्यासकर्ता येबा, साम्बा र फेदाङ्माहरू हुन । यी देवारीहरूले मानिसलाई कुनै दुःखविमार लागे उनलाई कुन अदृश्य शक्तिले दुःख दिएको हो जोखाना खुट्ट्याई त्यसबाट मुक्तगरी विरामी निको पार्न तन्त्रमन्त्रको प्रयोग गर्दछन् । यस्तै धामीझाक्रीहरूले मानिस वा जीवित आत्मा र मरेका आत्माहरू बिच मध्यस्थकर्ताको भूमिका खेल्ने विश्वास गरिन्छ । मुन्धुम अनुसार प्रेतात्माले मानिसलाई दिने दुखकष्टबाट तन्त्रमन्त्रको शक्तिले रोक्ने वा संरक्षण गर्ने र सिद्धि, शक्ति र सम्बृद्धिको लागि देवात्माको पूजा-अनुष्ठान कार्य गर्ने काम यिनै देवारीहरू येबा, साम्बा र फेदाङ्माहरूले गर्दछन् । यसरी मुन्धुममा तन्त्रमन्त्रवाद वा झाँक्रीवादको परम्परा ब्यप्त रहेको तत्थ्य पुष्टि हुन्छ ।

## याक्थुङ मुन्धुमको पितृवादी दर्शन

आफ्ना मृत पिता-पुर्खाहरूलाई देवताको रूपमा मान्ने पूज्ने परम्परा नै पितृवाद हो । मुन्धुममा याक्थुङ/लिम्बूहरूका पूर्खाहरूलाई देवताको रूपमा मानिएको छ । याक्थुङ मुन्धुममा आफ्नापितृ वा पूर्खाहरूको प्रशस्त पूजा-आराधना गर्ने प्रचलन छ । मुन्धुम बमोजिम विभिन्न पूजाआज तथा अनुष्ठान गर्दा लिम्बू जातिले आफ्ना कुल-पितृहरू यूमा, मुजिङ्ना खेयङ्ना, तेल्लारा लाहादोङ्ना, सिकेरा एक्थुकनामा, थाक्पुरा मेल्लङहाङ्मा, पाजाइबा तेनतुम्याङ, सुसुबेङ लालाबेङ, हाङ्फादेम्बा लोक्फादेम्बा, सोधुङ्गेन लेप्मुहाङ आदि जस्ता अनेकौं पितृदेवताहरूको पुकार गरी पूजा-आराधना गर्ने परम्परा रहेको पाइन्छ । उल्लेखित तत्थ्यहरूले याक्थुङ मुन्धुममा पतृवादी दर्शन रहेको कुरा स्पष्ट हुन आउँछ ।

## याक्थुङ मुन्धुमका मुख्यदर्शनदाता दार्शनिकहरू

याक्थुङ मुन्धुमको निर्माण र विकास प्राचीन कालदेखि नै शुरूआत भई त्यसपछिका विभिन्न कालखण्डमा विभिन्न दार्शनिकहरूले यसको निर्माण र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाईन्छ । यहाँ यस्ता प्रमुख दार्शनिकहरूको बारेमा सङ्क्षेपमा निम्नानुसार चर्चा गरिन्छ :

### महात्मा येहाङ

आदि पुरूषमहात्मा येहाङ एक 'अङ्सी' हुन् । अङ्सीको अर्थ ज्ञानगुनले पूर्ण मानिस वा महात्मा भन्ने हो । यिनलाई प्रारम्भिक याक्थुङ मुन्धुमदाता, धार्मिक नेता र चिन्तकको रूपमा लिइन्छ । यिनले मानव सभ्यताको प्रारम्भिक चरणमा पशुप्राणी सरह असभ्य रहेको समाजलाई सभ्य र मर्यादित बानाउन अनेकौ शिक्षा, ज्ञान र उपदेशहरू दिए । महापुरूष येहाङले दिएको ज्ञान र उपदेशको सङ्ग्रहलाई 'सावा येत्हाङ येच्छाम थिम' भनिन्छ । उनले समाजमालाई नैतिक, आदर्श र सदाचारी बनाउन धर्मशाष्त्र मुन्धुमको रचना गरेकोउल्लेख छ (चेम्जोङ, २०५९, पृ. ८) । यसको अतिरिक्त उनले आदिम कालको अनुशासनहिन र अमर्यादित समाजलाई नियन्त्रण र अनुशासनमा राख्न पानतुम्याङ (भलाद्मी) बाट न्याय निसाफ गर्ने, तागेरानिङ्वाभूमाङ (ईश्वर) को भक्ति गर्ने र अन्नबाली पाकेपछि माङ (देवता) लाई न्वागी चढाएर मात्र खाने र विभिन्न याक्थुङ धार्मिक संस्कारहरू फेदाङमा, येवायेमा तथा साम्बाहरूबाट सञ्चालन गर्नुपर्ने जस्ता विभिन्न रीतिथिति एवं नीतिनियमको प्रचलन गराए ।

### सोधुङ्गेन लेप्मुहाङ

सोधुङ्गेन लेप्मुहाङ पनि एक महापुरूष (अंशी) हुन् । मुन्धुम अनुसार उनी साबायेत्हाङ याक्थुङ/लिम्बूहरूका आदिम पूर्खा पितृदेवको हुन् । यिनलाई याक्थुङ लिम्बूहरूका महान नेता तथा समाज सुधारकको रूपमा हेरिन्छ । याक्थुङ मुन्धुममा उल्लेख भएअनुसार अघि पृथ्वीमा धेरै मानिसहरूको जन्म भई जनसंख्या अत्यधिक बढ्नाले पाप र दुराचारको बृद्धि भयो । मानवहरू पशुतुल्य भईसमाजमा अनेकौं विकृति र विसङ्गतिहरू फैलिए । यसलाई अन्त्य गर्न महात्मा सोधुङ्गेन लेप्मुहाङको जन्म भयो । उनले समाजमा बढ्दो विकृति र पापकर्मको विनास गर्न धर्मकर्म र सदाचारको बाटोमा लाग्न मानिसहरूलाई अनेकौं 'शिवाखाहुन' (अर्तिउपदेश) हरू दिए । तैपनि मानिसहरूले पापकर्महरू गर्न छाडेनन् । यसरी धेरै पापकर्म बढेपछि पृथ्वीमा महाप्रलय भई जलमग्न भयो । साह्रा दुष्ट र पापकर्म गर्ने व्यक्तिहरू डुबेर मरे । यस अवस्थामा धर्मात्मा व्यक्ति सोधुङ्गेन लेप्मुहाङ र उनका सहयोगीहरूमात्रबचेकाले उनले खङबे (डुङ्गा) बनाई त्यसको सहाराले केही पशुपंक्षी, किटपतङ्ग र बोटविरूवालाई डुब्नबाट बचाए । महाप्रलय रोकिएपछि सृष्टिलाई जोगाउन सोधुङ्गेन लेप्मुहाङले पृथ्वीलाई पुन गुल्जार गरेर मानव सभ्यताको विकास गरे (याक्सो, २०७५, पृ. १०) । यसपछि उनले आफ्ना भावि सन्ततिहरूका लागि जन्म, विवाह, मृत्यु र अन्य सामाजिक संस्कारहरू सञ्चालन गर्न अनेकौ संस्कार र नीतिनियको व्यवस्था मिलाए । यही संस्कार तथा नीतिनियमलाई हालसम्म याक्थुङ समुदायले पालना गरी आएको पाइन्छ ।

### कान्देनहाङ

पृथ्वीको महाप्रलयपछि सोधुङ्गेन लेप्मुहाङले पृथ्वीलाई पुनः गुल्जार गरेर मानव सभ्यताको विकास गरको धेरै कालपछि अर्का महापुरूष कान्देनहाङको उदय भयो । मुन्धुम अनुसार उनी सिन्यूक लाजे (चीन देश)का सानवंशका एक महात्मा थिए । उनले आफ्नो ज्ञान तथा उपदेश सिन्यूक मुदेन (चीन तिब्बत) देशका साथै याक्थुङ लाजे (लिम्बूवान देश) मा पनि फैलाएका थिए । उनको समयमा अज्ञानताकोअन्धकारले संसार ढाकेको थियो । तागेरानिङ्वाफूमाङको तपस्याबाट उनले ज्ञानबुद्धि आर्जन गरेर समाजमा शिक्षा र ज्ञानको ज्योति फैलाए । उनका प्रमुख शिक्षा (खाहुन) हरूमा - "देश सुधार गर्न वंश सुधार गर्नुपर्छ, वंश सुधार गर्न ज्ञानबुद्धिको खोजी गर्नुपर्छ, ज्ञानबुद्धि छैन भने मानिसमा अहङ्कार र घमण्ड बढ्दछ,

अहङ्कार र घमण्डले मानिसलाई पशुतुल्य बनाउँछ, ज्ञानबुद्धिको स्रोत तागेरानिङ्वाफूमाङ भएकाले उनकै सेवा गरी ज्ञानबुद्धि र शक्ति प्राप्तगर्न सकिन्छ र मानिसले ज्ञानबुद्धिको सहायताले असभ्यताको निर्मूल गरी सभ्यताको जगबसाउनु पर्छ" भन्ने रहेका छन (चेम्जोङ, २०५९, पृ. ११) ।

## थाक्थाकु माबोहाङ

कान्देनहाङ पछि मुन्धुमको दर्शनदाताको रूपमा थाक्थाकु माबोहाङ देखापर्दछन् । याक्थुङ मुन्धुम र इतिहासमा थाक्थाकु माबोहाङ एकजना राजा र धार्मिक सन्तको रूपमा देखापर्दछन् । माबोहाङको उदयको समयमा कान्देनहाङको उपदेशहरूलाई बिर्सेर मानिसहरू अनेकौ पापकर्ममा लागिसकेका थिए । फलत तागेरानिङ्वाफूमाङको आदेश अनुसार थाक्थाकु माबोहाङको जन्म 'यूमामाङ' को अवतारको रूपमा भएको मुन्धुमी आख्यान रहेको छ (याक्सो, २०७५, पृ. ११) । यसबाट थाक्थाकु माबोहाङ युमामाङका अनुयायी थिए भन्ने प्रष्ट हुन्छ । उनले याक्थुङ लाजेमा युमाधर्म दर्शनको प्रचारप्रसार गरे । आफ्नो माङपान (देववाणी) मा उनले समय समयमाता गेरानिङ्वाफूमाङको अवतारको रूपमा ज्ञानी मानिसहरू मानव वंशलाई अर्तिउपदेश दिन देखापर्दछन र उनीहरूले दिएको उपदेश पालना गरी जजस्ले धर्मकर्म गर्दछन् उनिहरूको भलाई हुने र उपदेश नसुनी जजस्ले पापकर्म गर्दछन् उनीहरूको नास हुने धारणा व्यक्त गरेका छन् ।

## त्येअङ्सी शिरिजङ्गा

त्येअङ्सी शिरिजङ्गा याक्थुङ/लिम्बू जातिको धर्म, भाषा र लिपिका पुनर्उत्थानकर्ता हुन् । यिनलाई वि.सं.नवौं शताब्दीका याक्थुङलाजे लिम्बूवानका राजा शिरिजङ्गाहाङको अवतारको रूपमा लिइन्छ । उनको जन्म सन १७०४ मा ताप्लेजुङको याङवरक क्षेत्रको तेल्लकमा भएको हो (तुम्बाहाङ, २०६८, पृ. २९) । यिनले याक्थुङ समाजमा लोपहुन लागेको येहाङ, सोधुङ्गेन लेप्मुहाङ, कान्देनहाङ र थाक्थाकु माबोहाङद्वारा प्रतिपादित धर्मदर्शन र संस्कारहरूलाई खोजअनुसन्धान गरी पुनर्लेखन तथा प्रचारप्रसार गरे । मुन्धुमी आख्यान अनुसार शिरिजङ्गाले लोप भएको याक्थुङ लिपि र धर्मदर्शन प्राप्त गर्न फक्ताङलुङ पर्वतको काखमा गई निसाम्माङ (सरस्वती) को कठोर तपस्या गरे । तपस्या पश्चात निसाम्माङ खुशी भई त्येअङ्सी शिरिजङ्गालाई लोप भएको लिपि र धर्म-संस्कारको ज्ञान दिए । यो ज्ञान पाएपछि उनले साङ्घा देशमा यो शिक्षा फैलाए । लोप भएको याक्थुङ/लिम्बू लिपिको त्येअङ्सी शिरिजङ्गाले पुनर्उत्थान गरेकोले यस लिपिलाई आजपनि 'शिरिजङ्गा लिपि' भनिन्छ । याक्थुङ/लिम्बू जातिको धर्म, भाषा र लिपिको प्रचार-प्रसारको क्रममा सिक्किमका बौद्धधर्मी लामाहरूसँग मत नमिलेपछि उनिहरूले सन १७३१ मा सिक्मिको मार्तामस्थित कालेज र रोशी खोलाको दोभानमा रूखमा बाँधी विषालु काँडले हानी शिरिजङ्गालाई मृत्यूदण्ड दिए । यसैले उनलाई याक्थुङ/लिम्बू जातिको धर्म, भाषा र लिपिको प्रचारक एवं सहिदको रूपमा मान्ने गरिन्छ ।

## महागुरू फाल्गुनन्द

महागुरू फाल्गुनन्दलाई समाज सुधारक तथा किरात धर्मका दर्शनदाता रूपमा मानिन्छ । उनले याक्थुङ/लिम्बू जातिको बोन परम्परामा आधारित सनातनस धर्ममा केही सांस्कारिक परिवर्तन गरी किरात धर्म सत्यहाङमा पन्थको विकास गरे । उनको जन्म वि.सं. १९४२ कार्तिक २५ गते इलामको फाक्फोक

थुम अन्तर्गत चुक्चिनाम्बा गाउँमा भएको थियो । प्रारम्भिक शिक्षा गाउँमै लिएपछि उनले युवावस्थामा केही वर्ष तत्कालीन अङ्ग्रेज सरकारको उपनिवेश रहेको भारतमा सैनिक सेवामा काम गरे । सानै उमेरदेखि उनी शान्त र योगी स्वाभावका भएकोले सैनिक जीवन उनलाई मन परेन । लाहुरे जीवन त्यागेर उनी गाउँमा फर्किए र धर्मकर्म र ध्यान-तपस्यामा लागे । नियमित ध्यान, योग, तपस्या र साधनाले उनलाई असाधारण गुण र विशेषताले युक्त व्यक्ति बनायो । त्यसपछि उनी महिगुम अङसिमाङ (देवअवतार स्वरूप महात्मा)भनी कहलिए । उनको समयमा सनातन धर्म-संस्कृति परम्परा अनुसार लिम्बू समुदायमा धर्मकर्म तथा पूजापाठ गर्दा पशुबली चढाएर प्रकृतिको पूजा गर्ने चलन व्याप्त थियो । धर्मको नाउँमा पशुबलि चढाउनु महापाप हो भन्ने उनलाई लाग्यो । फलत उनले धर्मकर्म तथा पूजापाठ गर्दा पशुबलि चढाउने याक्थुङ सनातन धर्म परम्परालाई परिवर्तन गरी विना भोगबली फलफूल तथा धुप-बत्तीले पूजाआजा गर्ने प्रचलन चलाए । मुन्धुममा रहेको मौखिक शाष्त्र परम्परा (थुङसाप) लाई सुधार गरी मुन्धुमहरूको लेखन गरी लिखित मुन्धुमी परम्परा (पेशाप) को थालनी गरे । उनले देवता (माङ) को नित्य आराधना र पूजापाठ गर्न पूर्वी नेपाल लिम्बूवानका विभिन्न स्थानहरूमा माङहिम (मन्दिर) हरू स्थापना गराए । यसको अतिरिक्त महागुरू फाल्गुनन्दले याक्थुङ/लिम्बू जातिको धर्म संस्कृतिको सुधार गर्न वि.सं. १९८८ मा पूर्वी नेपाल लिम्बूवान क्षेत्रका सत्र थुमका लिम्बू प्रतिनिधिहरूको चुम्लुङ (सभा/बैठक) आयोजना गरी दश बुँदे सत्यधर्म मुचुल्का पारित गराए । यस्तै महागुरू फाल्गुनन्दले विभिन्न धार्मिक उपदेशहरूमार्फत समाजलाई शान्ति, सत्य र अहिंसाको मार्गमा डोहोऱ्याउन अहम भूमिका पनि खेलेको पाइन्छ ।

## अध्ययनको निष्कर्ष

मुन्धुम याक्थुङ/लिम्बू जातिको धर्मशास्त्र, इतिहास, दर्शनशास्त्र र ज्ञानशास्त्र हो ।दर्शन भनेको जीवन र जगतलाईहेर्ने, बुझ्ने र ब्याख्या तरिका भएकोले मुन्धुम याक्थुङ/लिम्बू जातिको जीवन दर्शन हो । यसमा लिम्बू जातिका सामाजिक, सांस्कृतिक, नैतिक र धार्मिक धारणा, आस्था र आचरणहरूसमाहित भएका छन ।

मुन्धुमको दर्शनमूलत अध्यात्मवादी रहेको छ । यद्यपि यसमा उल्लेख्य रूपमा भौतिकवादी दर्शनको पनि झलक देख्न सकिन्छ । अध्यात्मवादी दर्शनले सर्वशक्तिमान ईश्वरीय चेतनाबाट सृष्टिको रचना, सञ्चालन र संहार हुन्छ भन्ने मान्यता राख्दछ भने भौतिकवादले ईश्वरीय चेतनाको उपस्थितिलाई इन्कार गर्दै भौतिक पदार्थमा निहित गति र त्यसवाट उत्पन्न हुने शक्तिवाटै सम्पूर्ण वस्तुको उत्पत्ति, विकास तथा विनास हुन्छ भन्ने मान्यता राख्दछ ।

मुन्धुममा व्रह्माण्ड र चराचर जगतको उत्पत्ति शून्यताबाट भएको उल्लेख छ । हावाको गतिसँगै विस्तारै नयाँ पदार्थ वालुवा (परमाणु) को पैदा भएको र त्यसपछि विस्फोट भई मियाराक्ना (आगोको ज्वालाको मुस्लो) निस्किएर आधिवेरी सिर्जना भई तागेरानिङवाफूमाङ (जताबाट पनि आई पुग्ने उज्यालो आत्मदेव ) र पोरोकमी यम्फामि (ठुलो तुल्लुङ भुण्डिएको प्रकाशदेव) को सृष्टि भएको मुन्धुमी वर्णन छ । यिनीहरू एकातिर पिण्ड वा भौतिक पदार्थ हुन भन्ने सङ्केत मिल्छ भने अर्कोतर्फ अलौकिक चेतनाको रूपमा यसलाईव्याख्या गरिएको छ । यस्तै पोरोक्मी यम्फामीमाङले घाम र जुनको मदानी बनाएर समुद्र मन्थन गर्दा पृथ्वी फनफनी घुमी मदानीको नेती चुडिई उछिट्टिदा माथि आकासमा धेरै ग्रह तथा तारा बनेको भन्ने मुन्धुमी अवधारणा कुनै आकाशीय पिण्डको विष्फोटन भई ब्रह्माण्डको उत्पति भएको भौतिकवादी वैज्ञानिक धारणासँग मिल्दोजुल्दो देखिन्छ । अर्कोतिर मुन्धुममा सर्वशक्तिमान

ईश्वरको रूपमा सर्वोच्च चेतना तागेरानिङ्वाफुङ र पोरोक्मि यम्फामी माङको परिकल्पना गरिएको र उनीहरूकै प्रयत्नद्वारा विश्व ब्रह्माण्ड र चराचर जगतको सृष्टि र सञ्चालन भएको वर्णन हुनुले मुन्धुम एक अध्यात्मवादी दर्शनको रूपमा देखापर्दछ ।यसैले याक्थुङ मुन्धुमको सृष्टिसम्बन्धी दर्शन भौतिक र आध्यात्मवादी चिन्तनको सम्मिश्रणको सार हो ।

याक्थुङ मुन्धुमको अर्को दर्शन प्रकृतिवाद हो । मुन्धुम अनुसार प्रकृतिनै सबैभन्दा महान ईश्वर हुन । उनको शरणमा परी नित्य आरधाना गर्नु नै मुन्धुम धर्मको सार हो । याक्थुङ मुन्धुम अनुसार लिम्बूहरूले आरधाना गर्ने प्रमुख देवी युमामाङ पृथ्वी (प्रकृति) को प्रतीक देवी हुन । मुन्धुममार्गीहरू प्रकृति पूजक भएकाले कुनै अमुक देवीदेवताको मूर्ति बनाएर पूजा गर्दैन्न । उनीहरूले गर्ने अधिकांश धार्मिक अनुष्ठानमा प्रकृतिमा रहेका विभिन्न वस्तुहरूकोमात्र पूजा हुन्छ ।

याक्थुङ मुन्धुमको दार्शनिक दृष्टिकोण बहुईश्वरवादी छ । यहाँ धेरै देवीदेवताहरूको उपस्थिति देखिन्छ । सबैभन्दा उच्च स्थानमा तागेरा निङ्वाफुमाङको कल्पना गरिएको छ भने पोरोक्मी यम्फामीमाङ, युमामाङ, थबामाङ, अक्वानामामाङ, पुङसाम्माङ आदि जस्ता धेरै देवीदेवताको कुरा मुन्धुममा आउँछ । यस्तै मुन्धुममा स्वर्गलोक र नर्कलोकको पनिपरिकल्पना गरिएको पाइन्छ ।

आत्माको अमरत्वको कुरा मुन्धुमको अर्को दार्शनिक पक्ष हो । यसलाई आत्मवाद (Animism) पनि भनिन्छ । मुन्धुमले मानिसको भौतिक शरीर मरे पनि उसको आत्मा नमर्ने र यो ब्रह्माण्डमा यत्रतत्र घुमिरहने कुरामा विश्वास राख्दछ । यो आत्मा पनि दुई खालको हुन्छन् । कालगतिले वा सहज मृत्यु भएका मानिसहरूको आत्माहरू देवात्मा वा पवित्रआत्मा (हाङसाम) हुन भने अकालममा वा असहज मृत्यु भएका मानिसहरूको आत्माहरू प्रेतात्मा वा खराब आत्मा (सिसाम) हुन् भन्ने मान्यता रहेको छ ।

तन्त्रमन्त्रवाद वा झाँक्रीवाद (Shamanism) परम्परा पनि याक्थुङ मुन्धुमको अर्को दार्शनिक पक्ष हो । यसमा तन्त्रमन्त्र वा जादुटुनाको शक्तिमा विश्वास गरिन्छ र यसको माध्यमद्वारा अदृश्य शक्ति र दुरात्माहरूमाथि प्रभाव कायम गरिन्छ भन्ने मान्यता रहेको पाईन्छ । लिम्बू समुदायमा यस्तो तन्त्रमन्त्रको शक्तिको अभ्यासकर्ता येबा, साम्बा र फेदाङ्माहरू हुन ।

मुन्धुममा याक्थुङ/लिम्बूहरूका पूर्खाहरूलाई देवताको रूपमा मानिएको छ । मुन्धुम बमोजिम विभिन्न पूजाआज तथा अनुष्ठान गर्दा लिम्बू जातिले आफ्ना कुल-पितृहरूको पूजा-आराधना गरी उनीहरूबाट सिद्धिशक्ति माग्दछन । यसरी आनापितृ वा पूर्खाहरूलाई देवीदेवता मानी पूजा-आराधना गर्ने प्रचलनले याक्थुङ मुन्धुममा पितृवादी दर्शन रहेको सङ्केत गर्दछ ।

याक्थुङ मुन्धुमको निर्माण र विकास आदिमकालदेखि नै सुरूआत भई त्यसपछिका विभिन्न कालखण्डमा विभिन्न दार्शनिकहरूले यसको निर्माण र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस्ता दार्शनिकहरूमा महात्मा येहाङ, सोधुङ्गेन लेप्मुहाङ, कान्देनहाङ, थाक्थाकु माबोहाङ, त्येअङ्सी शिरिजङ्गा र महागुरू फाल्गुनन्द प्रमुख हुन् । यी दार्शनिकहरूले दिएको बैचारिक योगदानले मुन्धुमलाई समृद्ध र विकसित बनाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## सन्दर्भ सामाग्रीहरूको सूची


आङबुङ, डि.बि., सम्पा. (२०७९), *याक्थुङ साम्जिक मुन्धुम,* सोधुङ्गेन लेप्मुहाङ् फेदाङ्मा जानपा सङ्घ ।

कन्दङ्वा, नन्द (२०८१), *इतिवृत्तको परिवृत्त,* येहाङ आथ्रे कन्दङ्वा समाज सुधार सङ्घ ।

काइँला, बैरागी (२०५१), *इर्श्या र आँखीडाहीको आख्यान र अनुष्ठान,* मेजर केशरसिंह लिङदेन ।

खजुम, आईत (वि.सं. २०७१), *च्याब्रुङको नालिबेली,* विश्व याक्थुङ मुन्धुम समाज ।

चेम्जोङ, ईमानसिंह (२०५९), *किरात इतिहास :* पाँचौ संस्करण, किरात याक्थुङ चुम्लुङ ।

चेम्जोङ, ईमानसिंह (२०५९), *किरात मुन्धुम :* तेश्रो संस्करण, किरात याक्थुङ चुम्लुङ ।

चेम्जोङ, ईमानसिंह (२०५९), *किरात दर्शनको सारांस :* दोस्रो संस्करण, किरात याक्थुङ चुम्लुङ ।

तुम्बाहाङ, गोबिन्दबहादुर (२०६८), *लिम्बू जातिको चिनारी,* आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद, सम्पा. (२०७७), *नेपाली बृहत शब्दकोश,* दशौं संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान ।

माबुहाङ, अर्जुनबाबु (२०६९), *लिम्बू जातिको मुन्धुम र ईतिहास*, हरिश्चन्द्र माबोहाङ र भीम माबोहाङ ।

मेन्याङ्बो, तुम्याङ लक्ष्मण (२०६२), *याक्थुङ मुन्धुम,* श्री तेजवहादुर मेन्याङ्बो ।

याक्सो, हर्क (२०७५), *नेपालका प्रमुख धर्महरू,* विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान ।

राई, भक्त (२०७४), *पूर्वीय दर्शन,* नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

लाओति, थाङसाङ (२०७७), *मुन्धुम परम विज्ञान,* दिलसिङ मेन्याङवो ।

लिम्बू, रणध्वोज (२०५१), *याक्थुङ मुन्धुम,* लिम्बूवानबासी ।

सुब्बा, चैतन्य (२०७८), *याक्थुङ लिम्बूहरूको आध्यात्मिक आस्थाको धरोहर : युमा धर्म,* युमासाम्यो महासभा नेपाल ।

सङ्ग्रौला, नारायणप्रसाद (२०७७), *पल्लो किरातको किपट व्यवस्था,* श्रीमति अम्बिकादेवी सङ्ग्रौला ।

लेखबहादुर पालुङ्वा, माङ्सेवासाबा (पूजारी), (२०७९, पौष ५), *ब्यक्तिगत अन्तर्वार्ता,* फूङलिङ नगर पालिका - ७, ताप्लेजुङ ।